नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं।

## सूची दर्ता गराउने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८३/०४/१३)

आर्थिक वर्ष २०८३/८४ मा यस केन्द्रबाट सम्पादन गरिने प्राविधिक परीक्षण सम्बन्धी कार्यका लागि मौजुदा सूची तयार गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक प्राविधिक परिक्षक/परामर्शदाताले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा सूची दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**क) आवश्यक कागजातहरु (प्रमाणित प्रतिलिपि) :**

१) फर्म/कम्पनी दर्ता प्रमाणपत्र

२) PAN/VAT दर्ता प्रमाणपत्र

३) आ.व. २०८१/८२ को कर चुक्ता (वा म्याद थप) प्रमाणपत्र

४) प्राविधिक परीक्षकहरूको सूची, प्राविधिक परीक्षकहरूको हस्ताक्षरसहितको बायोडाटा (CV) तथा अनुभवको प्रमाणपत्र, प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्र ।

**ख) सुचीकृत गरिने विषयगत क्षेत्र:**

| | |
|---|---|
| १) सडक | ६) जलस्रोत तथा सिँचाइ |
| २) सडक पुल | ७) ऊर्जा/ जलविद्युत् |
| ३) भवन | ८) विद्युत् प्रसारण/वितरण लाइन तथा सबस्टेसन |
| ४) खानेपानी | ९) सूचना तथा सञ्चार |
| ५) ढल, फोहोर पानी तथा ठोस फोहोर व्यवस्थापन | १०) विमानस्थल |

**द्रष्टव्य:**

- आवेदनमा विषयगत क्षेत्र स्पष्ट खुलाउनुपर्नेछ। एकभन्दा बढी विषयगत क्षेत्रका लागि **छुट्टाछुट्टै** सूची दर्ता गर्नुपर्नेछ ।
- रित नपुगेका आवेदन मान्य हुने छैनन्। दरखास्त स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार केन्द्रमा रहनेछ।
- विस्तृत जानकारीका लागि कार्यालय समयभित्र केन्द्रको प्राविधिक परीक्षण तथा अनुगमन महाशाखामा सम्पर्क गर्न सकिनेछ।